# सामुदायिक विद्यालय मार्फत स्थानीय भाषा र लिपि संरक्षण गर्ने कार्यविधि, २०८३

कार्यपालिकाबाट स्विकृत मितिः २०८३।०३।०९

प्रमाणिकरण मितिः २०८३।०३।२४

फेदाप  गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

कोशी प्रदेश,  नेपाल

# सामुदायिक विद्यालय मार्फत स्थानीय भाषा र लिपि संरक्षण गर्ने कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्विकृत मिति: २०८३।०३।०९**
**प्रमाणिकरण मिति: २०८३।०३।२४**

प्रस्तावना:
नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुनेछ भनी नेपालको संविधानको भाग ३ को धारा ३२ को उपधारा (३) मा व्यवस्था भएको,
गाउँपालिका क्षेत्रभित्रका तोकिएका सामुदायिक विद्यालयमा उक्त भाषा र लिपि अध्यापन गराउँदै जाने र यसका लागि भाषा शिक्षकको नियुक्ति, सेवा/सुविधालाई व्यवस्थित समेत गर्न वाञ्छनीय देखिएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी फेदाप गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**
(१) यो कार्यविधिको नाम "सामुदायिक विद्यालय मार्फत स्थानीय भाषा र लिपि संरक्षण गर्ने कार्यविधि, २०८३" रहेको छ।
(२) यो कार्यविधि प्रमाणिकरण भई फेदाप गाउँपालिकाको वेभसाईटमा प्रकाशन भएपछि गाउँपालिका क्षेत्रभर लागू हुनेछ।
**२. परिभाषा र व्याख्या:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–
(क) "कार्यपालिका" भन्नाले फेदाप गाउँ कार्यपालिका, तेह्रथुम सम्झनुपर्छ।
(ख) "कार्यालय" भन्नाले फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लावाङ, तेह्रथुमलाई सम्झनुपर्छ।
(ग) "कार्यविधि" भन्नाले "सामुदायिक विद्यालय मार्फत स्थानीय भाषा र लिपि संरक्षण गर्ने कार्यविधि, २०८३" लाई सम्झनुपर्छ।
(घ) "सभा" भन्नाले फेदाप गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनुपर्छ।
(ङ) "भाषा शिक्षक छनोट समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन हुने भाषा शिक्षक छनौट समितिलाई सम्झनुपर्छ।

(च) "भाषा शिक्षक" भन्नाले गाउँपालिका क्षेत्रभित्रको कुनै पनि सामुदायिक विद्यालयमा स्थानीय भाषा र लिपि अध्यापन गराउन यस कार्यविधिमा व्यवस्था भएको प्रावधान बमोजिम सेवा करारमा नियुक्त भएको तथा हुने भाषा शिक्षकलाई सम्झनुपर्छ।

(छ) "वडा" भन्नाले फेदाप गाउँपालिका क्षेत्रभित्रको कुनै पनि वडालाई सम्झनुपर्छ।

(झ) "विद्यालय" भन्नाले स्थानीय (लिम्बू र तामाङ) भाषा र लिपि अध्यापन गराउनका लागि कार्यपालिकाले छनोट गरेको गाउँपालिका क्षेत्रभित्रको कुनै पनि सामुदायिक विद्यालयलाई सम्झनुपर्छ।

## परिच्छेद-२
## भाषा शिक्षकको दरबन्दी र संख्या

**३. स्थानीय भाषा र लिपि अध्यापन गराउने भाषा शिक्षकको संख्या र स्रोत:**

(१) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा १ देखि ५ सम्मका प्रतिविद्यालय जम्मा विद्यार्थी सङ्ख्याको ६० प्रतिशत सम्बन्धित (लिम्बू वा तामाङ) समूदायका विद्यार्थी भएको हकमा विद्यालयमा रहेको शिक्षक दरबन्दी समेतलाइ ध्यान दिई कार्यपालिकाले तोकेबमोजिमको सङ्ख्यामा उक्त विद्यालयहरुमा स्थानीय भाषा र लिपि अध्यापन गराउन भाषा शिक्षकको दरबन्दी रहनेछ।

(२) उपदफा (१) बमोजिमको भाषा शिक्षकहरु गाउँपालिकाको आफ्नै स्रोतबाट सेवा सुविधा पाउने गरी सेवा करारमा रहनेछन्।

## परिच्छेद-३
## भाषा शिक्षकको योग्यता र पद रिक्त हुने अवस्था

**४. भाषा शिक्षकको योग्यता:** यस कार्यविधि बमोजिम विद्यालयमा भाषा र लिपिको अध्यापन गराउने भाषा शिक्षकको योग्यता देहाय बमोजिम हुनेछ:

(क) अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) कम्तिमा +२ वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्बन्धित भाषा र लिपिको आधारभूत ज्ञान भएको,

(ग) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

**५. भाषा शिक्षकको पद रिक्त हुने अवस्था:** देहायमा उल्लेखित कुनै पनि अवस्थामा भाषा शिक्षकको पद रिक्त हुनेछ:

(क) लगातार सात दिन वा सोभन्दा बढी आफू कार्यरत विद्यालयमा बिना सूचना अनुपस्थित भएमा,

(ख) भाषा शिक्षकको मृत्यु भएमा,

(ग) भाषा शिक्षकले भाषा शिक्षक पदबाट सम्बन्धित विद्यालयको प्रधानाध्यापक मार्फत गाउँपालिका समक्ष लिखित राजीनामा दिई राजीनामा स्वीकृत भएमा,

(घ) भाषा र लिपि अध्यापन गराएको कक्षाका विद्यार्थीको भाषा र लिपिमा उल्लेखनीय सुधार नआएको भनी सम्बन्धित विद्यालयले परीक्षण गरी प्राप्त नतिजा पचास प्रतिशत भन्दा कम रहेको प्रमाणित भएमा, वा

(ङ) भाषा शिक्षकको लागि करार सम्झौतामा उल्लेखित प्रावधान विपरीत कार्य गरेको प्रमाणित भएमा, वा

(च) गाउँ सभाले भाषा र लिपि संरक्षण कार्यक्रममा पर्याप्त बजेट विनियोजन नगरेमा,

(छ) भाषा शिक्षकको पद रिक्त हुने अवस्था भनी कार्यपालिकाबाट जारी मापदण्ड बमोजिम भएमा।

## परिच्छेद-४

## भाषा र लिपि अध्यापन गराइने विद्यालय

### ६. भाषा र लिपि अध्यापन गराइने विद्यालयको छनोट गर्नुपर्ने:

(१) प्रत्येक वर्ष सभाले भाषा र लिपि संरक्षण गर्न विनियोजन गरेको बार्षिक कार्यक्रम तथा बजेट समेतलाई मध्यनजर गरी कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्रको कुनै पनि वडाको कम्तीमा एक वा सोभन्दा बढी विद्यालयमा भाषा र लिपि अध्यापन गराउन यस कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिम हुनेगरी विद्यालयको छनोट गर्नुपर्नेछ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम भाषा र लिपि अध्यापनका लागि बढी विद्यार्थी संख्या भएका विद्यालयलाई पहिलो प्राथमिकतामा राखी त्यस्ता विद्यालयमा भाषा र लिपि अध्यापन गराउने गरी विद्यालयको छनौट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम बढी विद्यार्थी संख्या भएका विद्यालयमा भाषा र लिपि अध्यापन गराउने गरी विद्यालयको छनौट भएको अवस्थामा भाषा शिक्षकको परीक्षा तथा नियुक्तिको व्यवस्थापन कार्यालयले मिलाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम नियुक्त भाषा शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराई पठनपाठनमा खटाउनुपर्नेछ।

## परिच्छेद-५

## भाषा शिक्षक छनोट सम्बन्धी व्यवस्था

### ७. भाषा शिक्षक छनोट समिति:

(१) विद्यालय मार्फत भाषा र लिपि संरक्षण गर्न करारमा व्यवस्था गरिएको रिक्त भाषा शिक्षक छनौट गर्न देहाय बमोजिमको भाषा शिक्षक छनोट समिति रहनेछ:

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) सामुदायिक विद्यालयका प्रधानाध्यापकमध्येबाट संयोजकले छनौट गरेको १ जना | - सदस्य |
| (ग) कार्यपालिकाले तोकेको सम्बन्धित भाषा र लिपि सम्बन्धी विषयविज्ञ दुईजना | - सदस्य |
| (घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

**८. भाषा शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार:** भाषा शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विद्यालयमा रिक्त भाषा शिक्षक छनोटका लागि कम्तीमा पन्ध्र दिनको म्याद दिई दरखास्त आह्वान गर्ने ।

(ख) खण्ड (क) बमोजिमको दरखास्त साथ पेस हुन आउने आवेदकहरुमध्येबाट लिम्बु र तामाङ भाषा तथा लिपिको ज्ञान भएका उपयुक्त उम्मेदवार लिखित तथा अन्तर्वार्ताको माध्यमबाट छनौट गर्ने ।

(ग) छनोट भएको भाषा शिक्षकले अध्यापन गराउने भाषा र लिपिको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ङ) भाषा शिक्षकको व्यवस्थापन सम्बन्धमा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

**९. भाषा शिक्षकले पठनपाठन गर्नुपर्ने कक्षा अवधि:**

(१)यस कार्यविधि बमोजिम नियुक्त भाषा शिक्षकले विद्यालयमा कम्तिमा दैनीक पाँच घण्टी पठनपाठन गर्नुपर्नेछ । सोमध्ये दैनीक कम्तिमा ३ घण्टी सम्बन्धित भाषा र लिपि अनिवार्य शिक्षण गर्नुपर्नेछ ।

(२)उपदफा (१) बमोजिम अध्यापन गर्नका लागि दैनिक कार्यतालिका तयार गर्ने दायित्व सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

(३)उपदफा (१) मा तोकिएको कक्षा अवधिको अतिरिक्त सम्बन्धित विद्यालयको प्रधानाध्यापकले तोकेको कार्य समेत भाषा शिक्षकले गर्नुपर्नेछ ।

## परिच्छेद-६

## भाषा शिक्षकको सेवा/सुविधा र रकम निकासा सम्बन्धी व्यवस्था

**१०. भाषा शिक्षकले पाउने सेवा सुविधा र बिदा सम्बन्धी व्यवस्था:**

(१) यस कार्यविधि बमोजिम नियुक्त हुने भाषा शिक्षकलाई कार्यपालिकाको निर्णय बमोजिमको पारिश्रमिक तथा सुविधा उपलब्ध गराइनेछ ।

(२) विद्यालयको राहत तथा करार दरबन्दीमा नियुक्त भएका शिक्षकले पाउने बिदा सरह नै भाषा शिक्षकलाई बिदा उपलब्ध गराइनेछ ।

**११. भाषा शिक्षकले पाउने सेवा सुविधाको रकम निकासा गरिने:**

कार्यालयबाट दफा १० बमोजिम भाषा शिक्षकले पाउने पारिश्रमिक तथा सुविधा प्रत्येक महिना विद्यालयमा काम गरेबापत विद्यालयले माग फाराम पेश गरेका आधारमा सम्बन्धित शिक्षकको बैङ्क खातामा सोझै भुक्तानी हुनेछ ।

**१२. लेखापरीक्षण सम्बन्धी व्यवस्था:**

दफा ११ बमोजिम पारिश्रमिक तथा सुविधा भुक्तानी रकमको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद-७
## विविध

**१३. बाधा अड्काउ फुकाउन सक्ने:**

यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइपरेमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

**१४. प्रचलित कानून बमोजिम हुने:**

यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउन सक्ने:**

भाषा र लिपिको स्थानीय पाठ्यक्रम निर्माण तथा यस कार्यविधिमा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

## सामुदायिक विद्यालय मार्फत स्थानीय भाषा र लिपि संरक्षण गर्ने कार्यविधि, २०८३ बमोजिमको पाठ्यक्रम

यस पाठ्यक्रम योजनालाई दुई चरणमा विभाजन गरिएको छ।

प्रथम चरण :- लिखित परिक्षा (बस्तुगत र विषयगत)

दोस्रो चरण:- अन्तर्वार्ता

| पत्र | बिषय | पुर्णाङ्क | परिक्षा प्रणाली | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| पहिलो | समसामयिक तथा सेवा सम्बन्धि ज्ञान | ५० | बस्तुगत | २५×२=५० | ३०मिनेट |
| दोश्रो | बिषयगत ज्ञान | ५० | बिषयगत | १०×५=५० | १ घन्टा ३० मिनेट |

**(क) पहिलो पत्र:- (वस्तुगत)**

| क्र सं | बिषय क्षेत्र | अंकभार | प्रश्न संख्या |
|---|---|---|---|
| १ | शिक्षाको परीचय: अर्थ, परीभाषा, स्वरुप, उद्धेश्य र कार्यहरु | ४ | २ |
| २ | शिक्षा मनोविज्ञान | ४ | २ |

| | | | |
|---|---|---|---|
| | क) अर्थ, अवधारणा, आवश्यकता र महत्व<br>ख) मानव विकास: वृद्धि र विकासको अवारणा, चरण र विशेषताहरु<br>ग) पूर्व वाल्यावस्था: विशेषता, परिवर्तन र रुचीहरु | | |
| ३ | सिकाई र उत्प्रेरणा<br>क) सिकाई: अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरु<br>ख) उत्प्रेरणा: अवधारणा, आवश्यकता र विद्यार्थीमा उत्प्रेरणा जगाउने उपायहरु | ४ | २ |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि<br>क) शैक्षणिक योजना: अर्थ र आवश्यकता, बार्षिक कार्ययोजना, बार्षिक शैक्षणिक योजना, एकाई योजना र दैनिक पाठयोजना<br>ख) शिक्षण विधि: शिक्षक केन्द्रित, विद्यार्थी केन्द्रित र अन्तर्क्रियात्मक विधि | ४ | २ |
| ५ | पाठ्यक्रम र विद्यार्थी मूल्याङ्कन<br>क) पाठ्यक्रम: अर्थ र महत्व<br>ख) निरन्तर विद्यार्थी मूल्याङ्कन: अर्थ, आवश्यकता र प्रयोग | ४ | २ |
| ६ | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन<br>क) कक्षाकोठा व्यवस्थापन: अवधारणा, आवश्यकता र महत्व<br>ख) शैक्षणिक संगठन: कक्षा शिक्षण, वहुकक्षा शिक्षण, बिषय शिक्षण र मिश्रीत शिक्षण | ४ | २ |
| ७ | सूचना र सञ्चार प्रविधि<br>क) शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ४ | २ |
| ८ | स्थानीय तह सम्बन्धी जानकारी<br>क) संगठन संरचना, निर्वाचित पदाधिकारी, प्रशासनिक विभाजन | ४ | २ |
| ९ | नेपालको राजनैतिक,भौगोलिक अवस्था र बर्तमान घटनाक्रम सम्बन्धी सामन्य जानकारी | ४ | २ |
| १० | विद्यालयमा हुने आर्थिक क्रियाकलाप: पाठ्यपुस्तक, छात्रवृति, दिवा खाजा आदि | ४ | २ |
| ११ | नेपालको संविधान २०७२ (मौलिक हक) | ४ | २ |
| १२ | शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९<br>क) आधारभूत शिक्षा सम्बन्धी व्यवस्था | ४ | २ |

| | | | |
|---|---|---|---|
| १३ | स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहका शिक्षा सम्बन्धि अधिकारहरु | २ | १ |
| **जम्मा** | | **५०** | **२५** |

**(ख) दोस्रो पत्र:- विषयगत (लिम्बू भाषा)**

| क्र सं | बिषय क्षेत्र | अंक भार | प्रश्न संख्या |
|---|---|---|---|
| १ | लिम्बू भाषा र र सिरिजङ्गा लिपीको स्वरवर्ण | ५ | १ |
| २ | लिम्बू भाषा र र सिरिजङ्गा लिपीको व्यञ्जनवर्ण | ५ | १ |
| ३ | फेदापको नामाकरण तथा फेदापको ऐतिहासिक महत्वका क्षेत्रहरु | ५ | १ |
| ४ | लिम्बू भाषाका भाषिकाहरु | ५ | १ |
| ५ | सिरिजङ्गा लिपीका आविष्कारक र आविष्कारको मिति | ५ | १ |
| ६ | लिम्बू भाषाको व्याकरण | ५ | १ |
| ७ | लिम्बू भाषाको बार गते तथा महिना र अंक | ५ | १ |
| ८ | लिम्बू समुदायका प्रख्यात व्यक्तित्वहरु | ५ | १ |
| ९ | लिम्बू समुदायको धर्म संस्कृति | ५ | १ |
| १० | लिम्बू भाषा र सिरिजङ्गा लिपीको प्रयोगबाट कक्षाकोठामा शिक्षण सिकाइ विधि प्रक्रिया र मूल्याङ्कन | ५ | १ |
| **जम्मा** | | **५०** | **१०** |

**(ग) दोस्रो पत्र:- विषयगत (तामाङ भाषा)**

| क्र सं | बिषय क्षेत्र | अंक भार | प्रश्न संख्या |
|---|---|---|---|
| १ | तामाङ भाषाको स्वरवर्ण | ५ | १ |
| २ | तामाङ भाषाको व्यञ्जनवर्ण | ५ | १ |
| ३ | तामाङ भाषाका भाषिकाहरु | ५ | १ |
| ४ | तामाङ भाषाको बार, गते तथा महिना र अंक | ५ | १ |
| ५ | तामाङ समुदायको धर्म र संस्कृति | ५ | १ |
| ६ | तामाङ समुदायका प्रख्यात व्यक्तित्वहरु | ५ | १ |
| ७ | तामाङ समुदायका महत्वपुर्ण धार्मिक स्थलहरु | ५ | १ |
| ८ | तामाङ लिपीका आविष्कारक र आविष्कारको मिति | ५ | १ |
| ९ | तामाङ भाषाको व्याकरण | ५ | १ |

| | | | |
|---|---|---|---|
| १० | तामाङ भाषा र लिपीको प्रयोगबाट कक्षाकोठामा शिक्षण सिकाइ विधि, प्रक्रिया र मूल्याङ्कन | ५ | १ |
| **जम्मा** | | **५०** | **१०** |

<table>
<tr><td rowspan="3" colspan="2">छाप</td><td colspan="9">भाषा शिक्षक छनौट समिति</td></tr>
<tr><td colspan="9">फेदाप गाउँपालिका</td></tr>
<tr><td colspan="9"><u>व्यक्तिगत अन्तर्वार्ताको मूल्याङ्कन फाराम</u></td></tr>
<tr><td rowspan="2">क्र सं</td><td rowspan="2">परीक्षार्थि को नामथर</td><td rowspan="2">ठेगाना</td><td rowspan="2">रोल नं</td><td colspan="4">व्यक्तिगत अन्तर्वार्ता/ मूल्याङ्कनका आधार १७</td><td colspan="2">कुल प्राप्ताङ्क</td><td rowspan="2">कैफियत</td></tr>
<tr><td>व्यक्तित्व ३</td><td>प्रस्तुतिकरण ३</td><td>बिषयवस्तुको ज्ञान ८</td><td>तार्किक क्षमता ३</td><td>अंकमा</td><td>अक्षरमा</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

(मूल्याङ्कनकर्ता)

पद: संयोजक/ सदस्य

नामथर:

हस्ताक्षर:

मिति:

<table>
<tr><td rowspan="3" colspan="2">छाप</td><td colspan="10">भाषा शिक्षक छनौट समिति</td></tr>
<tr><td colspan="10">फेदाप गाउँपालिका</td></tr>
<tr><td colspan="10"><u>समष्टिगत फाराम</u></td></tr>
<tr><td rowspan="2">क्र सं</td><td rowspan="2">परीक्षार्थिको नामथर</td><td rowspan="2">ठेगाना</td><td rowspan="2">रोल नं</td><td rowspan="2">लिखित परीक्षाको प्राप्ताङ्क</td><td colspan="3">योग्यता तथा अन्तर्वार्ता बापतको अंक</td><td colspan="2">कुल प्राप्ताङ्क</td><td rowspan="2">नतिजा</td></tr>
<tr><td>न्युनतम शैक्षिक योग्यता ५</td><td>माथिल्लो शैक्षिक योग्यता ३</td><td>व्यक्तिगत अन्तर्वार्ता १७</td><td>अङ्कमा</td><td>अक्षरमा</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

---

| | | | | |
|---|---|---|---|---|
| सदस्य: | सदस्य: | सदस्य: | सदस्य: | संयोजक: |
| नामथर: | नामथर: | नामथर: | नामथर: | नामथर: |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: | मिति: | मिति: | मिति: |

आ.ब. ०८३/८४ का लागि कार्यपालिकाबाट सम्बन्धित भाषा पठनपाठनका लागि छनौट भएका विद्यालय

| क्र सं | विद्यालय | ठेगाना | भाषा | कैफियत |
|---|---|---|---|---|
| १ | सिंहवाहिनी आधारभूत विद्यालय | फेदाप १ सिम्ले | तामाङ | |
| २ | बालनिकुञ्ज आधारभूत विद्यालय | फेदाप १ सिम्ले | लिम्बू | |
| ३ | जनता आधारभूत विद्यालय | फेदाप १ सिम्ले | लिम्बू | |
| ४ | सिंहदेवी आधारभूत विद्यालय | फेदाप २ ओयाक्जुङ | लिम्बू | |
| ५ | पञ्चकन्या आधारभूत विद्यालय | फेदाप २ ओयाक्जुङ | लिम्बू | |
| ६ | इन्द्रायणी आधारभूत विद्यालय | फेदाप ३ जलजले | लिम्बू | |
| ७ | जलकन्या आधारभूत विद्यालय | फेदाप ३ जलजले मेहेरबुङ | लिम्बू | |
| ८ | सम्दू माध्यमिक विद्यालय | फेदाप ४ सम्दू | लिम्बू | |
| ९ | नेत्रज्योति आधारभूत विद्यालय | फेदाप ४ सम्दू | लिम्बू | |
| १० | इसिबू माध्यमिक विद्यालय | फेदाप ५ इसिबू | लिम्बू | |
| ११ | सिंहदेवी आधारभूत विद्यालय | फेदाप ५ इसिबू | लिम्बू | |

द्रष्टव्य:-

क) भाषा शिक्षक छनौट सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

ख) यस पाठ्यक्रममा समाविष्ट विषयबस्तुहरु परीक्षाको मितिसम्म शंसोधन भएका समसामयिक विषयबस्तु समेत परेको सम्झनुपर्छ।

आज्ञाले,
मिलन कार्की
प्रमुख प्रशासकीय अधिकृत